# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
☎ ४२५०१३७, ४२५०१३८
४२६२८९५
फ्याक्स: ४२६२८७८
पो.ब.न. २०४३८
Email:admin@supremecourt.gov.np
Website: www. supremecourt.gov.np

पत्र संख्या:
प्राप्त पत्र संख्या र मिति:
च.नं. 220

मितिः २०७१।०५।०५

विषयः <u>परिपत्र</u> ।

**श्री पुनरावेदन अदालत सबै ।**

उपरोक्त सम्बन्धमा मलसन्द, फर्निचर खरिद लगायतको पुरानो बक्यौता फछर्यौट र अदालतको लागि आवश्यक ऐन, कानूनका पुस्तक खरीद लगायत समग्र आर्थिक प्रशासनका सम्बन्धमा देहाय बमोजिम गर्ने र सोही बमोजिम मातहत अदालतबाट समेत अविलम्ब गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध गर्दछु ।

१) कार्यालय प्रयोजनका लागि खरीद भएको मलसन्द, फर्निचर, मर्मत लगायतका कार्यको कानून बमोजिम अघिल्लो आर्थिक वर्षको तिर्नु बुझाउन बाँकी रहेको भनी प्रमाणित गरी राखिएको भए प्रचलित कानून बमोजिम भुक्तानी दिन मिल्ने बील बमोजिमको पुरानो बक्यौता रकम यस आर्थिक वर्षका लागि विनियोजित सम्बन्धित शीर्षकको बजेटबाट भुक्तानी गरी फछर्यौट गरेर मात्र यस आर्थिक वर्षका लागि विनियोजित बाँकी रकमबाट वर्षभरी पुग्ने गरी आनुपातिक रुपमा खर्च गर्ने व्यवस्था मिलाउने । प्रत्येक आर्थिक वर्षमा कार्यालय प्रयोजनका लागि खरीद भएको बील भरपाई बमोजिमको रकम सोही आर्थिक वर्षमा भुक्तानी गर्ने व्यवस्था मिलाई अब उप्रान्त पुरानो बक्यौता भुक्तानी गर्ने प्रवृत्तिको अन्त्य गर्ने ।

२) अदालतका लागि आवश्यक पर्ने ऐन, कानूनका पुस्तकहरु हाललाई आवश्यकतानुसार यस अदालतबाट उपलब्ध गराइएको र अब उप्रान्त थप पुस्तक आवश्यक भए पूर्ण वैठकबाट निर्णय गराई सम्बन्धित शीर्षकको विनियोजित रकमबाट मात्र खरीद गर्ने गरी आवश्यक पुस्तक खरीद गर्ने व्यवस्था मिलाउने ।

३) पुनरावेदन अदालत नियमावली, २०४८ को नियम १४ मा मुख्य न्यायाधीशको निर्देशन र नियन्त्रणमा रही अदालतको प्रशासन सम्बन्धी कामको जिम्मेवारी रजिष्ट्रारको हुनेछ भन्ने व्यवस्था रहेको र जिल्ला अदालत नियमावली, २०४९ को नियम ७(ण१) मा न्यायाधीशको नियन्त्रण र निर्देशनमा रही अदालतको आर्थिक प्रशासन श्रेष्तेदारले संचालन गर्ने भन्ने व्यवस्था रहेको छ, त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) बमोजिम सम्बन्धित अदालतको बजेट स्वीकृत कार्यक्रम र खर्च व्यहोर्ने श्रोत खोली बजेट खर्च गर्ने अख्तियारी सम्बन्धित रजिष्ट्रार र श्रेष्तेदारलाई

# सर्वोच्च अदालत

(आन्तरिक तथा ... प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
☎ ४२५०१३७, ४२५०१३८
४२६२८९५
फ्याक्स: ४२६२८७८
पो.ब.नं. २०४३८
Email:admin@supremecourt.gov.np
Website: www.supremecourt.gov.np


पत्र संख्या:
प्राप्त पत्र संख्या र मिति:
च.नं.

पठाइने गरिएको छ । तर आर्थिक अख्तियारी प्राप्त कतिपय पुनरावेदन अदालतका रजिष्ट्रार र जिल्ला अदालतका श्रेस्तेदारले क्रमश: माननीय मुख्य न्यायाधीशज्यू र माननीय जिल्ला न्यायाधीशज्यूलाई सर्वोच्च अदालतबाट विनियोजित बजेटको बारेमा कुनै जानकारीसम्म पनि नदिने गरेको भन्ने बुझिन आएकाले अबदेखि अनिवार्य रुपमा पुनरावेदन र जिल्ला अदालतको बजेट प्राप्त भएपछि सो विषय पूर्ण वैठकमा राखि सबै माननीय न्यायाधीशज्यूहरुलाई जानकारी गराई पुनरावेदन अदालतको हकमा माननीय मुख्य न्यायाधीशज्यू र जिल्ला अदालतको हकमा माननीय जिल्ला न्यायाधीशज्यूको निर्देशन र सल्लाह बमोजिम बजेट खर्च गर्ने व्यवस्था अनिवार्य रुपमा मिलाउने ।

बाबुराम दाहाल
उप–रजिष्ट्रार

**बोधार्थ:**
श्री आर्थिक प्रशासन शाखा,
सर्वोच्च अदालत ।